लोक सेवा आयोग

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रशासन, सामान्य प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।०८।०५

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, समसामयिक अध्ययन र गणित

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

विषयगत

समय : १ घण्टा ३० मिनेट

अङ्क : ५०

खण्ड "क" — ३० अङ्क

१. कानूनको शासन भनेको के हो? कानूनको शासनका सिद्धान्तहरू लेख्नुहोस् । २+३=५

२. नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रले खेलेको भूमिकामाथि प्रकाश पार्नुहोस् । ५

३. चालु सोह्रौं योजनाले पहिचान गरेका संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रहरू के के हुन्? लेख्नुहोस् । ५

४. सामाजिक सञ्जालको सकारात्मक एवम् नकारात्मक पक्षहरू उल्लेख गर्नुहोस् । ३+२=५

५. गरिबी, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताबिचको अन्तरसम्बन्ध वर्णन गर्नुहोस् । १०

खण्ड "ख" — २० अङ्क

६. एउटा कारखानामा ६०० जना कामदारहरू काम गर्छन् । प्रत्येक कामदारहरूले प्रत्येक महिनाको एक दिनको ज्याला रू. १२०० मा १ प्रतिशतका दरले सेवा कर सरकारलाई बुझाउनु पर्छ भने एक वर्षमा सेवा कर बापत उक्त कारखानाले सरकारलाई कति रकम बुझाउनु पर्दछ? पत्ता लगाउनुहोस् । ५

७. M र N ले कुनै एउटा काम मिलेर ३६ दिनमा पूरा गर्न सक्छन् । उनीहरूले मिलेर २० दिनसम्म काम गरे र त्यसपछि N ले काम छोड्यो । M ले बाँकी काम अर्को २४ दिनपछि पूरा गऱ्यो भने त्यो काम M एक्लैले कति दिनमा पूरा गर्न सक्छ? पत्ता लगाउनुहोस् । ५

८. एउटा वर्गाकार उद्यानको वरिपरि बाटो बनाइएको छ, जसको बाटोसहितको बाहिरि परिमिति ८० मिटर र बाटो बाहेकको भित्री परिमिति ७२ मिटर छ भने उक्त बाटोको क्षेत्रफल निकाल्नुहोस् । ५

९. तलको आँकडाहरूको आधारमा मध्यिका (Median) पत्ता लगाउनुहोस् । ५

| प्राप्तांक | ०-५० | १०-५० | २०-५० | ३०-५० | ४०-५० |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ३० | २५ | २१ | १३ | ६ |

:: समाप्त ::

MIRAS ACADEMY